१. **कस्तो व्यक्तिलाई जेष्ठ नागरिक भनिन्छ ?**

- ६० (साठी) वर्ष उमेर पूरा भएका नागरिकलाई जेष्ठ नागरिक भनिन्छ।

२. **असहाय जेष्ठ नागरिक भन्नाले कसलाई बुझाउँछ ?**

- जीवन यापन गर्ने कुनै आधार आयस्रोत वा सम्पत्ति नभएको, पालनपोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएको र भएपनि निजले पालनपोषण नगरी अपहेलित वा उपेक्षित जीवन यापन गर्नु परेको जेष्ठ नागरिकलाई असहाय जेष्ठ नागरिक भनी बुझाउँछ।

३. **अशक्त जेष्ठे नागरिक भन्नाले कस्तो व्यक्तिलाई सम्झनु पर्दछ ?**

- शारिरिक वा मानसिक रूपले असक्षम रहेको जेष्ठ नागरिकलाई अशक्त जेष्ठ नागरिक भनिन्छ।

४. **हेरचाह केन्द्र भन्नाले के बुझिन्छ ?**

- जेष्ठ नागरिकलाई शुल्क लिई वा नलिई पालन पोषण वा हेरचाह गर्नको लागि स्थापना भएको घर आश्रय वा यस्तै प्रकारको संरचनालाई हेरचाह केन्द्र भनिन्छ।

५. **दिवा सेवा केन्द्र भन्नाले के बुझिन्छ ?**

- दिवा सेवा केन्द्र भन्नाले जेष्ठ नागरिकलाई शुल्क लिई वा नलिई दिउँसोको समयमा हेरचाह गर्नको लागि स्थापना तथा संचालन भएको घर, आश्रय वा यस्तै प्रकारको संरचना भन्ने बुझाउँछ।

६. **जेष्ठ नागरिक क्लव भन्नाले के लाई जनाउँछ ?**

- जेष्ठ नागरिकले आफ्नो हक हित र अधिकार संरक्षणको लागि प्रचलित कानून बमोजिम स्थापना भएको क्लवलाई जेष्ठ नागरिक क्लव भनी सम्झनु पर्दछ।

७. **जेष्ठ नागरिकको परिचयपत्र कहाँबाट पाइन्छ ?**

- नेपाल सरकारको जेष्ठ नागरिक परिचय पत्र निज बसोबास गरेको गाउँपालिका वा नगरपालिका मार्फत उपलब्ध गराउँदछ।

८. **संविधानले जेष्ठ नागरिकको के कस्ता हक अधिकार सुनिश्चित गरेको छ ।**

नेपालको संविधानमा जेष्ठ नागरिकसम्बन्धी निम्न अधिकारको व्यवस्था गरिएको छः

- जेष्ठ नागरिक अरू सरह कानूनको दृष्टिमा समान हुन्छन,
- कानूनको समान संरक्षणबाट जेष्ठ नागरिकलाई बन्चित गर्न मिल्दैन,
- जेष्ठ नागरिकलाई सामान्य कानूनको प्रयोगमा कुनै पनि अधारमा भेदभाव गरिने छैन,
- जेष्ठ नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानूनबमोजिम विशेष व्यवस्था गर्न सकिने छ,
- जेष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षा प्राप्त गर्ने हक हुने,

९. **जेष्ठ नागरिकको पालन पोषण तथा हेरचाह सम्बन्धमा को, कस्को, कस्तो दायित्व हुन्छ ?**

- जेष्ठ नागरिकलाई आफ्नो हैसियत तथा इज्जत अनुसार पालन पोषण तथा हेरचाह गर्नु परिवारको प्रत्येक सदस्यको कर्तव्य हुन्छ,
- जेष्ठ नागरिकले आफ्नो अंश लिई परिवारबाट अलग बसेको वा बस्न चाहेको अवस्थामा बाहेक निजले रोजेको परिवारको सदस्यले साथमा राखी पालन पोषण गर्नु पर्दछ,
- जेष्ठ नागरिकको इच्छा विरूद्ध परिवारबाट अलग राख्न वा अलग बस्न वाध्य गराउन मिल्दैन,
- जेष्ठ नागरिकको वा निजलाई पालन पोषण गर्ने परिवारको सदस्यको आर्थिक अवस्था कमजोर भएमा परिवारको अन्य सदस्यले पालन पोषण तथा हेरचाहको व्यवस्था गर्नुपर्नेछ,
- परिवारको कुनै सदस्य, नातेदार वा हकवालाले जेष्ठ नागरिकको चल अचल सम्पत्ति प्रयोग वा उपयोग गरेको अवस्था रहेछ भने निजले नै पालन पोषण वा हेरचाह गर्नु पर्दछ।

१०) **जेष्ठ नागरिकको पालन पोषण वा हेरचाह नगरेमा कहाँ उजुर दिनु पर्दछ ?**

- पालन पोषण वा हेरचाह नगरेको अवस्थामा जेष्ठ नागरिकले सम्बन्धित गाउँपालिका वा नगरपालिकाको वडा अध्यक्षसमक्ष उजुरी दिन सक्ने छ,

११) **जेष्ठ नागरिकले कस्तो सम्पत्ति आफू खुशी गर्न पाउँछ ?**

- प्रचलित कानूनबमोजिम अंशवण्डा गरिरहनु नपर्ने र आफ्नो अंश भागको चल अचल र सो बाट बढे बढाएको सम्पत्ति जेष्ठ नागरिकले आफूखुशी गर्न पाउँछ।

१२) **जेष्ठ नागरिकलाई के कस्तो छुट र सुविधा दिने व्यवस्था रहेको छ ?**

- सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग प्रदान गर्नु गराउनु पर्दछ,
- नेपाल सरकारले तोकेको किसिमको सार्वजनिक सवारी साधनमा सम्बन्धित सवारी धनी वा संचालकले जेष्ठ नागरिकको लागि कम्तीमा दुईवटा सीट सुरक्षित राख्नु पर्ने र निजलाई यात्रु भाडादरमा कम्तीमा पचास प्रतिशत छुट पाउने,
- स्वास्थ्य सेवा प्रदान गर्ने प्रत्येक संस्थाले जेष्ठ नागरिकलाई प्राथमिकता दिई स्वास्थ्य सेवा प्रदान गर्नुपर्दछ,
- नेपाल सरकारले तोकेको स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाले नेपाल सरकारले तोकेको संख्यामा जेष्ठ नागरिकले त्यस्तो संस्थामा उपचार गराउँदा लाग्ने शुल्कमा कम्तीमा पचास प्रतिशत छुट दिनु पर्ने,
- खानेपानी, विजुली, टेलिफोन लगायत सार्वजनिक सेवा प्रदान गर्ने अन्य संस्थाले सेवा प्रदान गर्दा जेष्ठ नागरिकलाई प्राथमिकता दिनु पर्ने,
- नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी जेष्ठ नागरिकलाई समय समयमा अन्य छूट र सुविधा पाउने,

१३) **जेष्ठ नागरिकलाई भिक्षा माग्न लगाउन वा सन्यासी बनाउन नहुने ?**

- कसैले पनि जेष्ठ नागरिकलाई भिक्षा माग्न लगाउन हुँदैन,
- जेष्ठ नागरिकलाई निजको इच्छा विपरित सन्यासी, भिक्षु वा फकिर बनाउनु हुँदैन,
- जेष्ठ नागरिकलाई निजको इच्छा विपरित सन्यासी, भिक्षु वा फकिर बनाएकोमा बदर गराउन सकिन्छ,

१४) **जेष्ठ नागरिक विरुद्ध गरिएका कसूरमा के कस्तो दण्ड सजाय हुन्छ ?**

- हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रका प्रमुख, संचालक, कर्मचारी वा अन्य कुनै व्यक्तिले जेष्ठ नागरिकको सम्पत्ति लिने बदनियतले कुनै काम गरेमा निजलाई एक वर्षदेखि पाँच वर्षसम्म कैद वा बिगोबमोजिम जरिवाना वा दुवै सजाय हुने,
- जेष्ठ नागरिकलाई भिक्षा माग्न लगाएमा तीन महिनासम्म कैद वा पच्चिस हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- जेष्ठ नागरिकलाई निजको इच्छा विपरित सन्यासी, भिक्षु वा फकिर बनाएमा त्यस्तो व्यक्तिलाई एक वर्षसम्म कैद वा पचास हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,

- प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले अशक्त जेष्ठ नागरिक वा पचहत्तर वर्ष उमेर पूरा गरेको जेष्ठ नागरिक विरूद्ध प्रचलित कानूनबमोजिम कसूर मानिने कुनै कार्य गरेमा निजलाई प्रचलित कानूनमा व्यवस्था भएको सजायमा पच्चिस प्रतिशत थप सजाय हुन्छ।

**१५) जेष्ठ नागरिक संलग्न मुद्दामा के कस्तो प्राथमिकता र प्रतिनिधित्व हुन्छ ?**

- जेष्ठ नागरिक मात्र पक्ष वा विपक्ष भएको मुद्दालाई अदालतले प्राथमिकता दिई कारवाही र किनारा गर्नु पर्ने हुन्छ ।
- कुनै असहाय वा अशक्त जेष्ठ नागरिक मात्र पक्ष वा विपक्षी भएको मुद्दाको सुनुवाई गर्दा अदालतले निजको प्रतिरक्षा गर्ने कानून व्यवसायी राखेर मात्र गर्नुपर्दछ ।
- कुनै जेष्ठ नागरिकले आफ्नो आर्थिक अवस्था कमजोर भएकोले मुद्दाको प्रतिरक्षा गर्न कानून व्यवसायी नियुक्त गर्न नसक्ने भनी अदालत समक्ष निवेदन दिएमा सम्बन्धित अदालतले निजको लागि वैतनिक कानून व्यवसायीको सेवा उपलब्ध गराइ दिनु पर्ने।
- जेष्ठ नागरिकसँग सम्बन्धित जुनसुकै काममा पनि प्राथमिकता दिई सम्पादन गरिदिनु पर्छ।

**१६) जेष्ठ नागरिकलाई लागेको कैद छूटको सम्बन्धमा के कस्तो व्यवस्था रहेको छ ?**

सरकारवादी भई चलेको मुद्दामा कैद सजाय पाई कैद भोगिरहेको जेष्ठ नागरिकलाई निजको उमेर र कसूरको अवस्था हेरी निम्नबमोजिमको कैद छूट दिन सकिने हुन्छः-

- पैसठी वर्ष उमेर पूरा भई सत्तरी वर्ष ननाघेकालाई पच्चिस प्रतिशतसम्म,
- सत्तरी वर्ष उमेर पूरा भई पचहत्तर वर्ष ननाघेकालाई पचास प्रतिशतसम्म,
- पचहत्तर वर्ष उमेर पूरा भएकालाई पचहत्तर प्रतिशतसम्म,
- कैद सजाय पाएको जेष्ठ नागरिक वा पचहत्तर वर्ष उमेर पूरा गरेको जेष्ठ नागरिकलाई अदालतले कसूरको गाम्भीर्यता हेरी कारागारमा नराखी हेरचाह केन्द्रमा राख्न आदेश दिन सक्ने।

**१७. जेष्ठ नागरिक विरुद्धको अपराध/कसूर सम्बन्धमा मुद्दा हेर्ने निकाय कुन हो ?**

- जेष्ठ नागरिक विरूद्धको कसूर/अपराध सम्बन्धी मुद्दाको शुरू कारवाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई रहेको छ ।
- जेष्ठ नागरिक विरूद्धको कसूर/अपराध बारेको उजुरी/सूचना नजिकको प्रहरी कार्यालयमा दिनुपर्छ।

**१८. पीडित जेष्ठ नागरिक स्वयंले मुद्दा दायर गर्नुपर्छ वा पर्दैन ?**

- जेष्ठ नागरिक सम्बन्धी कसूरको मुद्दा नेपाल सरकारवादी भै चल्ने व्यवस्था भएकोले उजुरी दिएपछि नेपाल सरकारले नै अनुसन्धान गरी जिल्ला अदालतमा मुद्दा दायर गर्दछ। पीडित पक्ष आफैले दायर गर्नु पर्दैन सूचना दिए पुग्छ।

**१९. जेष्ठ नागरिकले निःशुल्क कानूनी सहायता प्राप्त गर्न सकिन्छ सकिदैन ?**

पीडित जेष्ठ नागरिकले निम्नानुसार निःशुल्क कानूनी सेवा प्राप्त गर्न सक्दछन्ः-

- सम्बन्धित जिल्ला कानूनी सहायता समिति र सम्बन्धित अदालतमा सम्पर्क गरी वैतनिक कानून व्यवसायीबाट निःशुल्क कानूनी सहायता प्राप्त गर्न सकिन्छ।

## सम्पर्क ठेगानाः


**सर्वोच्च अदालत**
**न्यायमा पहुँच आयोग**
रामशाहपथ, काठमाडौं, नेपाल

फोन नं. : ०१-४२६२७०२, ०१-४२५०९३८
ईमेल : a2jc@supremecourt.gov.np
वेभसाइट : www.supremecourt.gov.np


# जेष्ठ नागरिकको अधिकार एवं उपचारसम्बन्धी जानकारी पुस्तिका




**सर्वोच्च अदालत**
**न्यायमा पहुँच आयोग**
रामशाहपथ, काठमाडौं
२०७४